नेपाल सरकार
# सूचना तथा सञ्चार मन्त्रालय

मा. डा. विक्रम तिमिल्सिना
सूचना तथा सञ्चार मन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

## १५२ औं विश्व हुलाक दिवसको शुभकामना

सन् १८७४ अक्टोबर ९ मा स्थापित विश्व हुलाक संघ (UPU) ले १५१ वर्ष पूरा गरी १५२औं वर्षमा प्रवेश गरेको अवसरमा विश्वभर मनाइने **१५२औं विश्व हुलाक दिवस**को सुखद् अवसरमा सम्पूर्ण हुलाककर्मी, सेवाग्राही, शुभेच्छुक तथा सरोकारवाला सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

**"One Postal Network, Infinite Possibilities"** भन्ने मूल नाराका साथ मनाइँदै गरेको यस दिवसले विश्वव्यापी हुलाक सञ्जालको महत्त्व र हुलाक सेवाका नयाँ सम्भावनालाई उजागर गरेको छ। वि.सं. १९३५ मा **'नेपाल हुलाक घर'** स्थापना गरी औपचारिकरूपमा हुलाक सेवा प्रारम्भ गरेको नेपालले सन् १९५६ मा UPU को सदस्यता प्राप्त गरेदेखि नै अन्तर्राष्ट्रिय हुलाक सञ्जालमा सक्रिय सहभागिता जनाउँदै आएको छ।

नेपाल हुलाकले UPU तथा Asia-Pacific Postal Union (APPU) लगायतका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्थासँगको सहकार्यमा Universal Service Obligation अनुरूप सेवा प्रवाह गर्दै आएको छ। बदलिँदो प्रविधि र सेवाग्राहीको अपेक्षालाई सम्बोधन गर्न **Smart Postal Service** मार्फत Government Courier Service को प्रभावकारी कार्यान्वयन, हुलाक पूर्वाधारको सुदृढीकरण, डिजिटल प्रविधिको प्रयोग, आधुनिक डाँक ढुवानी तथा वितरण प्रणाली, पार्सल तथा EMS सेवाको विस्तार र ई-कमर्ससँग हुलाक सेवाको आबद्धतालाई सरकारले प्राथमिकतामा राखेको छ।

हुलाक सेवालाई आधुनिक, प्रविधिमैत्री, छिटो, भरपर्दो, प्रतिस्पर्धी तथा सेवाग्राहीमैत्री बनाउँदै तीनै तहका सरकारबीचको समन्वय र सहकार्यबाट नागरिकको आफ्नै सेवाका रूपमा थप सुदृढ र विस्तार गर्न सरकार प्रतिबद्ध छ। एकीकृत विश्वव्यापी हुलाक सञ्जालमार्फत देश, समुदाय र नागरिकबीचको सेवा प्रवाहलाई अझ सहज, सरल र प्रभावकारी बनाउन यस दिवसले थप प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**१५२औं विश्व हुलाक दिवसको हार्दिक बधाई तथा शुभकामना!**
**सन् २०२६ अक्टोवर ९ (२०८३ असोज २३ गते शुक्रबार)**
**नेपाल संवत् ११४६ ञलागा चतुर्दशी।**

..............................................
**डा. विक्रम तिमिल्सिना**
**मन्त्री**

फोन नं.: +९७७-४२११५५५, ४२११६४०, ४२११७०१ (कार्यालय), फ्याक्स नं.: +९७७-१-४२११६००
ईमेल: bikram.timilsina@mocit.gov.np, मोबाईल नं.: ९८५१४१०१०१, वेब साइट: www.mocit.gov.np